नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## बीउ उत्पादक समुह/सहकारी तथा बीउ बिजन कम्पनीहरु सूचिकृत हुने सम्बन्धी सूचना

सूचना नं. १३/२०८१/८२

मिति: २०८१/०६/२१

यस एकाइको चालु आ.व. २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार रुपन्देही जिल्लाको जोन प्रभाव क्षेत्रमा गहुँको क्षेत्रफल विस्तार (उन्नत बीउ प्रतिस्थापन) कार्यक्रमको अनुदानको लागि छनौट हुने कृषक समुह/सहकारी संस्था/वन तथा जल उपभोक्ता समिति/निजी फर्म/कम्पनीहरुलाई गुणस्तरीय उन्नत जातको गहुँको बीउको आपुर्तिको लागि इच्छुक बीउ उत्पादक समुह/सहकारी तथा बीउ बिजन कम्पनीहरुले तपसिलका आवश्यक कागजात सहित मिति २०८१ कार्तिक ५ गते भित्र यस कार्यालयमा सुचिकृत हुन यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

१. सुचिकृतको लागि रु १० को टिकट टाँस गरेको निवेदन
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. बीउ उत्पादन अनुमति प्रमाण पत्रको प्रतिलिपि
६. गहुँको उन्नत बीउ उत्पादनको लागि प्रयोग गरेको स्रोत बीउको विवरण (बीउको स्रोत)
७. बीउ व्यवसायी संचालन अनुमति पत्रको प्रतिलिपि
८. बीउ बाली निरीक्षण प्रतिवेदन
९. बीउ परीक्षण (उमारशक्ति, शुद्धता र चिस्यान प्रतिशत) को प्रतिवेदन
१०. ट्याग गरेको यथार्थ सङ्केतपत्रको विवरण
११. संस्थामा रहेका गहुँको उन्नत बीउको जात र परिमाण खुल्ने विवरण

नोटः सम्पूर्ण कागजात सहित कार्यालयमा सुचिकृत भई स्वीकृत भएका बीउ उत्पादक समुह/सहकारी तथा बीउ बिजन कम्पनीहरुले मात्र कार्यालयको स्वीकृत अनुदानग्राहीहरुलाई बीउ आपुर्तिमा सहभागी हुन पाउनेछन्।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५१२१७५२८, ९८५७०४७२०९ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

नारायण ढकाल
वरिष्ठ कृषि अधिकृत
स.प्र.प्र.(ना.)

“आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण”